# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ ) काठमाडौं, कात्तिक २३ गते २०५५ साल ( अतिरिक्ताङ्क ५१ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधान दिवसको उपलक्ष्यमा २०५५ साल कात्तिक २३ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

संविधान दिवसका अवसरमा सबै नेपालीमा हामी शुभकामना व्यक्त गर्दछौं ।

नेपाल अधिराज्यको संविधानको उद्देश्य प्राप्तीको लागि हालसम्म भएका प्रयासहरूको अनुभवको आधारमा राष्ट्रको समुन्नतितर्फ हामी सबै उन्मुख हुनु परेको छ । यस क्रममा संविधानले दिएको अवसर उपभोग गर्दा यसका आदर्श र सीमालाई भने उपेक्षा गर्नु हुँदैन । राष्ट्रियता एवम् नेपाली जनताको एकतालाई सुदृढ गर्दै संविधानको अभ्यासलाई सबै नेपालीको हितमा प्रभावकारी माध्यम बनाउनु पर्ने दायित्वप्रति यस अवसरमा सबैको ध्यान आकर्षित गराउन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ। 665

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।